(सूचनाको हक सम्वन्धी ऐन, २०६४ कों दफा ५(३) तथा सूचनाको हक सम्वन्धी नियमावली २०६५ को नियम (३) बमोजिम सार्वजनिक गरिएको)



२०८३ श्रावण १ गते देखि २०८३ असोज मसान्तसम्म सम्पादित प्रमुख क्रियाकलापहरु

(स्वतः प्रकाशन)

जिल्ला समन्वय समितियको कार्यालय, उदयपुर
फोन नं. ०३५४२२१४३ इमेल ddcudayapur@gmail.com

कात्तिक महिना २०८३

जिल्ला समन्वय समितिको कार्यालय
उदयपुर, गाईघाट
कोशी प्रदेश
२०७३

विषयसुची

१ *कार्यालयको स्वरुप र प्रकृति*..... ३

२ *जिल्ला समन्वय समितियको काम, कर्तव्य र अधिकार*..... ३

२.१ जिल्ला समन्वय समितियको काम, कर्तव्य र अधिकार----------४

३ *जिल्ला समन्वय समितिको कार्यालयमा रहने कर्मचारीको संख्या र दरवन्दी विवरण*..... ५

३.१ हाल कार्यरत कर्मचारीहरुको बिबरण ५

४ *जिल्ला समन्वय समितिको कार्यालयबाट प्रदान गरिने सेवा* ५

४.१ जिल्ला समन्वय समितिको कार्यालयबाट प्रदान गरिने सेवा----------६

५ *सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधी* ६

६ *निर्णय गर्ने प्रक्रिया र अधिकारी*..... ६

७ *निर्णय उपर उजुरी सुन्ने अधिकारी*..... ६

८ *सम्पादन गरिएका मुख्य मुख्य कामहरु*----------६

८.१ बैठकहरु आयोजना..... ६

८.२ अनुगमन सम्वन्धी कार्य ..... **Error! Bookmark not defined.**

८.३ अन्य कार्यहरु ७

८.४ प्रतिबेदन सम्बन्धी कार्यहरु..... ७

९ *सूचना अधिकारी प्रवक्ता र प्रमुखको नाम र पद* ७

१० *अन्तरसम्बन्धित ऐन, नियम र निर्देशिकाको सूची*..... ७

१०.१ अन्तरसम्बन्धित ऐन, नियम र निर्देशिकाको सूची----------८

११ *आम्दानी, खर्च तथा आर्थिक कारोवार* ८

१ कार्यालयको स्वरुप र प्रकृतिः

नेपालले संघ, प्रदेश, र स्थानीय तह गरी तीन तहको शासकीय संरचना सहितको संघीय **शासन** प्रणाली अवलम्बन गरेको छ। नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन २०७४, र अन्य प्रचलित कानुनहरूले स्थानीय तहमा नगरपालिका र गाउँपालिकालाई स्थानीय सरकारको रूपमा स्थापित गरेका छन्। यस प्रणालीले स्थानीय तहलाई अधिकार सम्पन्न बनाउँदै स्वशासनको अभ्यासलाई सुदृढ गरेको छ।

जिल्ला समन्वय समितिको कार्यालयको स्थापना, २०७३ फागुन ३० मा भएको हो। नेपालमा संघीयता कार्यान्वयन भए सँगसँगै स्थानीय तहको रुपमा जिल्ला समन्वय समितिको कार्यालय गठन भएको देखिन्छ। नेपालको संविधानको धारा २२० को उपधारा (७) मा रहेको प्रावधान तथा स्थानीय सरकार सञ्चालन ऐन,२०७४ बमोजिम गठन भएको जिल्ला समन्वय समितिमा जम्मा ९ जना पदाधिकारीहरु रहने व्यवस्था छ । एक जना जिल्ला समन्वय समिति प्रमुख, एक जना जिल्ला समन्वय समिति उपप्रमुख र सात जना निर्वाचित जिल्ला समन्वय समिति सदस्यहरु रहनेछन। त्यसै गरी दैनिक प्रशासनिक कार्य सञ्चालनको लागि एक जना जिल्ला समन्वय अधिकारी सहित दरवन्दी अनुसार अन्य निजामती कर्मचारीहरु रहने व्यवस्था छ। संविधान, संघीय सरकार तथा प्रदेश सरकारबाट पारित ऐन, नियम, कानून तथा कार्यविधि साथै मापदण्ड बमोजिम संघ, प्रदेश तथा स्थानीय सरकार बीच समन्वयकारी भूमिकाको जिम्मेवारी यस समिति/कार्यालयलाई दिईएको छ। बार्षिक रुपमा हुने जिल्ला सभा एवं जिल्ला समन्वय समितिको बैठकहरुबाट भए गरेका निर्णयहरु साथै सम्बन्धित निकायहरुबाट तोकिएका कार्यहरु सम्पन्न साथै कार्यान्वयन गर्ने कार्य यस जिल्ला समन्वय समितिको कार्यालयबाट हुने गरेको छ।

२ जिल्ला समन्वय समितियको काम, कर्तव्य र अधिकार

विशेषतः यस जिल्ला समन्वय समितिको प्रमुख कार्यहरूमा जिल्लाभित्रका स्थानीय तहहरू (नगरपालिका र गाउँपालिका) बीच समन्वय कायम गर्नु, संघ, प्रदेश र स्थानीय सरकारबीच सहकार्य प्रवर्द्धन गर्नु, विकास योजनाहरूको अनुगमन तथा मूल्यांकन गर्नु, सेवाप्रवाहमा देखिएका समस्याको समाधान गर्नु, दोहोरोपन हटाई स्रोतको प्रभावकारी प्रयोग सुनिश्चित गर्ने गरी विकास योजना समन्वय गर्नु, विवाद समाधान तथा सहजीकरण गर्नु, सूचना संकलन र व्यवस्थापन गर्नु, र जिल्लाको समग्र विकास तथा सेवाप्रवाह सम्बन्धी बार्षिक प्रतिवेदन तयार गर्नु पर्दछ। साथै, समितिले स्थानीय तहहरूलाई कानुनी, प्राविधिक तथा अन्य आवश्यक सहयोग पनि प्रदान गर्छ।

नेपालको संविधान,२०७२ को धारा २२० को उपधारा (७) मा उल्लेखित काम, कर्तव्य र अधिकारका अतिरिक्त स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद १२ ले तोकेको जिल्ला समन्वय समितिको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) जिल्ला भित्रका गाउँपालिका वा नगरपालिका बीचको विकास निर्माणका विषय पहिचान गर्न तथा व्यवस्थापन गर्न आवश्यक समन्वय गर्ने।

(ख) जिल्ला भित्र सरकारी तथा गैर सरकारी क्षेत्रबाट संचालित विकास निर्माण सम्वन्धी कार्यक्रमको विवरण तयार गरी त्यस्ता कार्यक्रमको प्रभावकारीता तथा व्यवस्थापनका विभिन्न चरणमा अनुगमन गर्ने, त्यस्ता कार्यक्रमको प्रतिफलका सम्वन्धमा क्षेत्र वा समुदायगत,विषय क्षेत्रगत र पर्यावरणीय सन्तुलन कायम गर्न आवश्यक सुझाव वा मार्गदर्शन दिने र त्यसरी दिएका सुझाव वा मार्गदर्शनलाई सार्वजनिक गर्ने।

(ग) जिल्ला भित्रका गाउँपालिका तथा नगरपालिकाको क्षमता विकासको लागि प्रदेश तथा संघसँग समन्वय गर्ने।

(घ) जिल्लामा रहने संघीय वा प्रदेश सरकारी कार्यालय र गाउँपालिका तथा नगरपालिका वीच समन्वय गर्ने।

(ङ) जिल्ला भित्रका गाउँपालिका तथा नगरपालिका वीच कुनै विवाद उत्पन्न भएमा सो को समाधानका लागि समन्वय तथा सहजीकरण गर्ने ।

(च) जिल्ला भित्रको प्राकृतिक प्रकोप तथा विपद व्यवस्थापन सम्वन्धी योजना र कार्यको समन्वय गर्न ।

(छ) जिल्ला भित्रको विकास तथा निर्माण सम्वन्धी कार्यमा सन्तुलन कायम गर्न गैरसरकारी संघ संस्था तथा निजी क्षेत्रसँग समन्वय गर्ने ।

(ज) जिल्ला भित्रको विकास तथा निर्माण सम्वन्धी कार्यमा सन्तुलन भए नभएको सम्वन्धमा अध्ययन, अनुसन्धान तथा अनुगमन गरी विकास निर्माण सम्वन्धी कार्यमा सन्तुलन गर्नको लागि मन्त्रालय,स्थानीय तह सम्वन्धी विषय हर्ने प्रदेश सरकारको मन्त्रालय तथा आवश्यकता अनुसार सम्वन्धीत गाउँपालिका तथा नगरपालिकालाई समेत सुझाव दिने ।

(झ) आफ्नो काम कारवाहीको सम्वन्धमा मन्त्रालय र स्थानीय तह सम्वन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालयलाई प्रत्येक आर्थिक वर्ष समाप्त भएको दुई महिना भित्रमा प्रतिवेदन दिने।

(ञ) जिल्ला भित्रको विकास तथा निर्माणलाई प्रभावकारी बनाउनको लागि बर्षको कम्तिमा एक पटक वार्षिक समिक्षाको कार्यक्रम आयोजना गरी सो जिल्लावाट संघीय संसद र प्रदेश सभामा प्रतिनिधित्व गर्ने संसद सदस्यलाई आमन्त्रण गरी सुझाव लिने ।

(ट) नेपाल सरकार वा प्रदेश सरकारले तोकेका अन्य कार्य गर्ने ।

३ जिल्ला समन्वय समितिको कार्यालयमा रहने कर्मचारीको संख्या र दरवन्दी विवरण

पद	दरवन्दी संख्या	रिक्त दरवन्दी संख्या	कैफियत
जिल्ला समन्वय अधिकारी (उप सचिव)	१	-	
शाखा अधिकृत	१	-	
इन्जिनियर	१	-	
नायव सुब्वा	१	-	
लेखापाल	१	-	
सव-इन्जिनियर	१	-	
प्रमुखको स्वकिय सचिव	१ (सेवा करार)	-	
खरिदार	१	१	
हलुका सवारी चालक	२	१	
कार्यालय सहयोगी	३ (सेवा करार)		
जम्मा	१३	२	

३.१ हाल कार्यरत कर्मचारीहरुको बिबरण

१. श्री कुशला पौडेल राजपत्रांकित द्वितीय

२. श्री सृजना क्षेत्री शाखा अधिकृत, रा.प. तृतिय श्रेणी

३.श्री महेन्द्र चौधरी ईन्जिनियर, रा.प तृतीय श्रेणी, अनुगमन तथा मूल्याङ्कन शाखा

४.श्री दिपक पोखरेल, ना.सु, रा.प अनं प्रथम श्रेणी, व्यवस्थापन प्रशासन/जिन्सी शाखा

५. श्री दिब्या सापकोटा लेखापाल, रा.प अनं प्रथम श्रेणी, आर्थिक प्रशासन शाखा

६.श्री दिलिप कुमार यादब, सब ईन्जिनियर, रा.प अनं प्रथम श्रेणी, अनुगमन तथा मूल्याङ्कन शाखा

७.श्री दुर्गालाल गिरी प्रमुखको स्वकिय सचिव ,रा.प. अनं. प्रथम जि.स.स. सचिवालय

८.श्री बरिया चौधरी, कार्यालय सहयोगी, जि.स.स.को कार्यालय

९.श्री सोनिका परियार, कार्यालय सहयोगी, जि.स.स.को कार्यालय

१०.श्री रचना राई, कार्यालय सहयोगी, जि.स.स.को कार्यालय

११.श्री संजिव कटुवाल हल्का सवारी चालक, जि.स.स.को कार्यालय

४ जिल्ला समन्वय समितिको कार्यालयबाट प्रदान गरिने सेवा

(क) यस समन्वय समितिबाट विभिन्न निकायबाट माग भएका जानकारीहरु, सूचना माग सम्वन्धी सूचनाको हक सम्वन्धी ऐन/नियम अनुसार प्रदान गरिने गरिएको।

(क) स्थानीय तहहरु र विभिन्न संघ, संस्थाहरु एवम् कार्यालयहरु **बीच समन्वय र** आवश्यकता अनुसार बैठक वस्ने गरिएको।

(ख) संघीय एवम् प्रदेश सरकार मातहत कार्यालयहरुबाट भए गरेका विकास निर्माणका योजनाहरुको अनुगमन गरी प्रतिवेदन दिने गरेको।

(ग) स्थानीय तहहरुको आवश्यकता अनुसार समन्वय एवं: अनुगमन गर्ने गरिएको।

५.सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधी

(१)स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसार व्यवस्था भएमा सोही अनुसार,

(२)जिल्ला सभाद्धारा पारित गरिएका कार्यहरुको समय तोकिएकोमा सोही अनुसार,

(३) सूचनाको हक सम्वन्धी नियमावली २०६५ को नियम ४ बामोजिम

(४)अन्य प्रचलित कानूनले तोके बमोजिमको समय र दस्तुर ।

६.निर्णय गर्ने प्रक्रिया र अधिकारी

बिषय बस्तुको प्रकृति अनुसार सम्वन्धित शाखाहरुबाट कार्य उठान भई आवश्यकता अनुसार जिल्ला सभा/जिल्ला समन्वय समिति/ कार्यालय प्रमुखबाट निर्णयहरु हुनेछन ।

७.निर्णय उपर उजुरी सुन्ने अधिकारी

जिल्ला समन्वय समिति प्रमुख/जिल्ला समन्वय अधिकारी ।

८.सम्पादन गरिएका मुख्य मुख्य कामहरु

८.१.बैठकहरु आयोजना

जिल्ला समन्वय समिति,उदयपुरको आर्थिक वर्ष २०८३/०८४को पहिलो त्रैमासिकमा भएका वैठक तथा कार्यक्रमहरु निम्नानुसार सम्पन्न भएको छ।

सम्पन्न बैठकहरु र मिति	बैठक संख्या
जिल्ला समन्वय समितिको बैठक	४ पटक
मिति २०८३ साल श्रवण २२ गते	
मिति २०८३साल भाद्र ३ गते	
मिति २०८३साल असोज ७ र २६ गते	
गाउँपालिका तथा नगरपालिका र वडाको सङ्ख्या तथा सिमाना हेरफेर र नगरपालिकाको पुनरावलोकन अध्ययन समितिको बैठक मिति २०८३ भाद्र ४ गते	१ पटक
संविधान दिवस तथा राष्ट्रिय दिवस,२०८३ मनाउने सन्दर्भमा आवश्यक तयारी बैठक मिति २०८३साल भाद्र ३१	१ पटक
आर्थिक वर्ष २०८२/०८३ को वार्षिक प्रगति समिक्षा कार्यक्रम सम्पन्न मिति २०८३साल असोज ८ र ९ गते	१ पटक
नवौं जिल्ला सभा सम्पन्न मिति २०८३ असोज २७ गते	१ पटक

८.२ अनुगमन सम्वन्धी कार्य

- ✓ ,कटारी नगरपालिकाको बालमैत्री स्थानीय शासन सम्वन्धि कार्यक्रमको अनुगमन ।
- ✓ वेलका नगरपालिका ,चौदण्डीगढी नगरपालिकाबाट सञ्चालित पोषण सम्वन्धि कार्यक्रमको अनुगमन ।
- ✓ बेलका नगरपालिका,चौदण्डीगढी नगरपालिका अन्तर्गतका नदि/खोलाहरुबाट नदिजन्य पदार्थ उत्खनन संकलन विक्रि वितरण तथा व्यवस्थापन सम्वन्धि कार्यको अनुगमन ।

८.३ अन्य कार्यहरु

(क) संविधान दिवस तथा राष्ट्रिय दिवस,२०८३ असोज २ र ३ गते विभिन्न कार्यक्रम गरी मनाईयो साथै उक्त दिवसको अवसरमा अस्पतालका विरामीहरुले सेवा उपभोग गर्ने पाउने गरी उदयपुर जिल्ला अस्पताललाई ४ थान सिलिङ्ग फ्यान हस्तान्तरण ।

(ख) स्थानीय तहहरुको स्थानीय शासन कार्य सन्चालन मुल्यांकन प्रणाली (LGPAS) को असोज १५गते सम्म पृष्ठपोषणका लागि पेश भएका ७वटा स्थानीय तहको पृष्ठपोषण दिने काम सम्पन्न ।

८.४ प्रतिबेदन सम्बन्धी कार्यहरु

- ✓ वेलका नगरपालिका, कटारी नगरपालिका,चौदण्डीगढी नगरपालिकामा पोषण सम्वन्धी कार्यक्रम, बेलका नगरपालिका,चौदण्डीगढी नगरपालिका अन्तर्गतका नदि/खोलाहरुबाट नदिजन्य पदार्थ उत्खनन संकलन विक्रि वितरण तथा व्यवस्थापन सम्वन्धि कार्यको प्रतिवेदन उपर जिल्ला समन्वय समितिको बैठकमा पेश गरि छलफल गर्ने काम सम्पन्न ।

४ सूचना अधिकारी प्रवक्ता र प्रमुखको नाम र पद

क्र.स	पद	नाम	सम्पर्क फोन	ईमेल ठेगाना
१	जिल्ला समन्वय समिति प्रमुख	गौर बहादुर विश्वकर्मा	९८५२८३५७१३/९८४८२७६७, ६९	कार्यालयको ठेगाना ddcudayapur@gmail.com
२	जिल्ला समन्वय अधिकारी	कुशला पौडेल	९८५२८८७२२२	
३	सूचना अधिकारी	दिपक पोखरेल	९८५२८२०१९८	

५ अन्तरसम्बन्धित ऐन, नियम र निर्देशिकाको सूची

(क) नेपालको संविधान, २०७२

(ख) स्थानीय सरकार संचालन ऐन,२०७४

(ग) संघ प्रदेश र स्थानीय तह समन्वय तथा अन्तर सम्बन्ध ऐन

(घ)जिल्ला सभा तथा जिल्ला समन्वय समितिका सदस्यहरुको सुविधा सम्बन्धि ऐन, २०७५

(ङ) जिल्ला समन्वय समिति मौज्दात कोष संचालन निर्देशिका, २०७५

(च) जिल्ला सभा संचालन ऐन, २०७५.

(छ) ढुङ्गा, गिट्टी तथा बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७

(ज) संघीय सरकार एवम् प्रदेश सरकारबाट जारी गरिएका अन्य सम्बन्धित ऐन, कानून र निर्देशिका, मापदण्ड ।

११ आम्दानी, खर्च तथा आर्थिक कारोवार

बजेट उपशीर्षक नम्बरः	३६५००१०५३	आर्थिक वर्ष	२०८३।८४
आयोजना/कार्यक्रम नामः	जिल्ला समन्वय समितिको कार्यालयहरु	महिना	श्रावण-असोज

खर्च/वित्तीय संकेत नम्बर / नाम	अन्तिम बजेट	यस महिना सम्मको खर्च	बाँकी बजेट
१.३.५.१२ कार्यक्रम खर्च (वार्षिक प्रगति समीक्षा तथा स्थानीय तहको अनुभव आदान प्रदान सहित)	४,५०,०००	३,०३,०४४.८९	१,४६,९५५.११
१.३.५.१३ अनुगमन मूल्याङ्कन तथा भ्रमण खर्च	९,००,०००	२,०४,१००	६.९५.९००
१.३.५.५ पारिश्रमिक (स्वीकृत दरवन्दीका कर्मचारीको पारिश्रमिक र जि.स.स. पदाधिकारीको सुविधा)	१,००,००,०००	२,५३८,०५३.९२	७४,६१,९४६.०८
१.३.५.६ नीजि सचिवालय करार कर्मचारी (१ जना)	४,६२,०००.००	१,५२,८१२	३,०९.१८८
१.३.५.९ अनिवार्य दायित्व सहितका कार्यालय संचालन खर्च (पानी विजुली, संचार महशुल, ईन्धन, मर्मत,	३,२००,०००.००	९,२०,०१३.१७	२२,७९,९८६.८३
जम्मा	१५०१२०००.००	४१,१८,०२३.९८	१,०८,९३,९७६

२०८३/०६/१२

दिपक पोखरेल
सूचना अधिकारी